बैठक संख्याः- ७१

बैठक मितिः- २०७९।०९।०२

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०८।२९

प्रस्ताव नं.- १

विषयः– माग आकृति फाराम भरी पठाउने सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

प्रदेश लोक सेवा आयोग, प्रदेश नं. ले वार्षिक कार्यतालिका प्रकाशन गरेको छ। प्रकाशित कार्यतालिकाअनुसार आयोगबाट सञ्चालन हुने परिक्षा कार्यक्रमहरुको माध्यमबाट फिदिम नगरकार्यपालकाको कार्यालयमा रिक्त रहेका पदहरुको पदपूर्ति गर्न प्रचलित कानुनी व्यवस्थाबमोजिम माग आकृति फाराम भरी समयमा नै पठाउनुपर्ने हुन्छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

माग आकृति फाराम भरी पठाउने सम्बन्धमा प्रदेश लोक सेवा आयोग,प्रदेश नं. १ को च.नं. ६८, मिति २०७९/०४/१६ को पत्रसमेत प्राप्त हुन आएको छ। पत्रबाट, कार्यालयको स्वीकृत दरबन्दी र माग आकृति फारामको सम्बन्धमा कार्यपालिकाको गरेको निर्णय समेत पठाईदिनुहुन भनि लेखि आएको छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

स्वीकृत दरबन्दी तेरिजअनुसार सबै तह र पदका कर्मचारीहरुको पदपूर्ति गरी सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउनुपर्ने भएकोले।

४. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगरपालिकाको स्वीकृत दरबन्दी तेरिजबमोजिम रिक्त रहेका सबै पदहरुको मागआकृति फाराम भरी प्रदेश लोक सेवा आयोग नियमावली,२०७७ मा भएको व्यवस्थाअनुसार प्रदेश लोकसेवा आयोग, प्रदेश नं. १ मा पठाउने निर्णय भयो।

वैठक संख्या:- ७१

बैठक मिति:- २०७९।०९।०२

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति:– २०७९।०८।२९

प्रस्ताव नं.- २

विषय:– कृषि विकासतर्फको बजेट कार्यान्वयनका सम्बन्धमा:

क) वडा छनौट एवं कार्यक्रम स्वीकृति।

ख) किसान सूचीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन तथा समन्वय समितिको गठन र सूचीकरण सहजकर्ताको विज्ञापन।

१.विषय र विषयको संक्षिप्त व्यहोरा:

सशर्त अनुदानअन्तर्गत प्राप्त र नगरपालिकाले वार्षिक कार्यक्रम स्वीकृत गरी विनियोजन गरेको कृषि विकासतर्कको बजेटलाई विभिन्न शिर्षक र कार्यक्रमहरूमा बाँडफाँट गरी स्थानीय आवश्यकता अनुसार विभिन्न वडाहरुमा कार्यान्वयन गर्नुपर्ने हुन्छ। यस्तै, किसान सूचीकरण कार्य्रक्रम कार्यान्वयन कार्यविधि,२०७७ को दफा १८ मा व्यवस्था भएअनुसार किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समितिको गठन गर्नुपर्ने भएको छ।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:

सम्बन्धित शाखाबाट समन्वय भई कार्यक्रम र बजेट बाँटफाँटको मस्यौदा प्रति पेश हुन आएको छ। ति कार्यक्रमहरु संलग्न छन। नगरको स्वीकृत विनियोजनअनुसार सशर्त कार्यक्रममा दोहोरो नपर्ने स्थानीय आवश्कताका आधारमा बजेट कार्यान्वयन गर्नुपर्ने हुन्छ।

कृषि/पशु क्षेत्रमा सक्रिय रहेका संघसंस्था,सहकारी,फर्मलगायत नगरका विकास साझेदारहरुबाट समितिमा प्रतिनिधित्व हुने व्यवस्था मिलाउँदा उपयुक्त र वैज्ञानिक हुने देखिन्छ।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको राय:

कार्यक्रम कार्यान्वयन गर्न बजेट एवं स्थानीय आवश्यकताका आधारमा वडाहरु छ्नौट गरी कार्यक्रम बाँडफाँड गर्नुपर्ने भएकोले।

वास्तविक किसानको पहिचान, तिनलाई व्यवस्थापन सूचना प्रणालीमा सूचीकरण र सूचीको नियमित अद्यावधिकजस्ता विषयहरु किसान सूचीकरण कार्यक्रममार्फत समेटिने भएको र यसका लागि कार्यक्रम कार्यान्वयन तथा समन्वय समितिको गठन अपरिहार्य भएकोले।

४.निर्णय हुनुपर्ने व्यहोरा:

क) आ.व. २०७९/८० मा संघीय सशर्त अनुदानअन्तर्गत प्राप्त र नगरपालिकाले स्वीकृत गरेको वार्षिक नगर विकास योजनाअनुसार कृषि विकासतर्फ विनियोजित बजेटलाई कार्यान्वयन गर्न संलग्न सूचीअनुसारका वडाहरुमा सूचीअनुसारका कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय भयो।

ख) किसान सूचीकरण कार्य्रक्रम कार्यान्वयन कार्यविधि,२०७७ को दफा १८ मा व्यवस्था भएअनुसार किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति देहायअनुसार गठन गर्ने :

संयोजक- नगर उपप्रमुख श्री राधाकृष्ण न्यौपाने

सदस्य- प्रमुख/प्रतिनधि, कृषि ज्ञान केन्द्र, पाँचथर

सदस्य- प्रमुख/प्रतिनधि, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर

सदस्य- प्रमुख/प्रतिनिधि, त्रिशक्ति दुग्ध सहकारी संस्था लिमिटेड,पाँचथर

सदस्य सचिव- प्रमुख,कृषि विकास सेवा शाखा, याम बहादुर संग्रौला

ग) किसान सूचीकरण कार्यक्रम सञ्चालनका लागी किसान सूचीकरण कार्यक्रम कार्यान्वय विधि,२०७७ को दफा १९(२) मा भएको व्यवस्था भएअनुसार प्रत्येक वडामा कम्तीमा २ जना हुने गरी जम्मा ८ जना सहजकर्ताहरु *फिदिम नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्नेसम्बन्धी कार्यविधि,२०७६* अनुसार छनौट गर्न कार्यालयलाई निर्देश गर्ने।

## चालु आ. व. २०७९/०८० को लागि स्विकृत फिदिम नगरपालिकाको कृषि विकासतर्फका योजनाहरु कार्यान्वयनका लागि वडागत रुपमा गरिएको बजेट एवं कार्यक्रम छनौट

| क्र. सं. | कार्यक्रमको नाम | बजेट रकम रु. | छनोट भएका वडाहरु | बजेटको स्रोत |
|---|---|---|---|---|
| १. | रैथाने वाली प्रवद्धन कार्यक्रम | १०,००,०००/- | वडा नं. ९ | ससर्त |
| २. | खायन आलु उत्पादन कार्यक्रम | १५,००,०००/- | वडा नं. १२,१३र १४ | ससर्त |
| ३. | खाद्यान्न वालीको उन्नत विउ उपयोगमा अनुदान | ८,००,०००/- | सबै वडाहरु | ससर्त |
| ४. | तरकारी वाली पकेट विकास कार्यक्रम | १२,००,०००/- | वडा नं. १, २ र ६ | ससर्त |
| ५. | सुन्तलाजात फलफुल वाली पकेट विकास कार्यक्रम | ६,००,०००/- | वडा नं. १ र ५ | ससर्त |
| ६. | उन्नत विउ वितरकलाई प्रोत्साहन अनुदान | १,२०,०००/- | वडा नं. ६ | ससर्त |
| ७. | कृषक सूचिकरण कार्यक्रम | ३,००,०००/- | वडा नं. ७, ८,९ र १० | ससर्त |
| ८. | किवि खेती अनुदान सहयोग कार्यक्रम | १०,००,०००/- | वडा नं. ३ र ८ | फिदिम न.पा. |
| ९. | नमुना कृषि विकास कार्यक्रम | १०,००,०००/- | वडा नं. ११ | फिदिम न. पा. |
| १०. | फलफुल बिरुवा नर्सरी स्थापना कार्यक्रम | ५,००,०००/- | वडा नं. ७ | फिदिम न.पा. |
| ११. | सुर्यमुखि खेती कार्यक्रम | ३,००,०००/- | वडा नं. १० | फिदिम न. पा. |

बैठक संख्याः- ७१

बैठक मितिः- २०७९।०९।०२

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०८।२९

प्रस्ताव नं.- ३

विषयः– राजश्व असुली एवं सहजीकरणका लागी घुम्ती टोली गठन एवं परिचालन सम्बन्धमा।

५. विषय र विषयको संक्षिप्त व्यहोराः

फिदिम नगरपालिकामा चालु आ.व. को लागि रू २ करोड ७२ लाख राजश्व अनुमान गरी सो अनुसारका करका दर निर्धारण गरेको छ। कर असुलीका सम्बन्धमा हालसम्मको प्रगति सन्तोषजनक हुन सकेको छैन। गत वर्ष १ करोड हाराहारी मात्र राजश्व उठाउन सकिएको छ। करका क्षेत्र पहिचान र करका दायरालाई प्रगतिशिल वनाउने कोसिस भइरहेको छ। यस्तै, स्थलगत राजश्व असुली टोली खटाउन जरूरी देखिएको छ।

६. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

अनुमान भन्दा धेरै कम राजश्व उठेको कारण नगरभित्रका व्यापार व्यावसायको अभिलेख अद्यावधिक गर्न र स्थलगत रुपमै राजश्व असुली टोली परिचालन गर्नु अपरिहार्य भएको छ। स्थलगत रुपमा काटिएका रसिदहरुलाई फिदिम नगरपालिकाको राजश्व व्यवस्थापन सूचना पद्धति (PMRMIS) बाट समेत अद्यावधिक गरी पारदर्शी ढङ्गले कार्य गर्नुपर्ने हुन्छ।

७. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

राजश्व संकलनका क्षेत्रहरूको पहिचान र दायरा बढाउन चाहिने पृष्ठपोषण प्राप्त गर्न, कर संकलन प्रयोजनका लागि नगरभित्रका व्यापार, व्यावसाय तथा उद्योगऽ प्रतिष्ठानहरूको लगत संकलन तथा कर संकलनका तरिका समेतमा सुधारका गर्नुपर्ने भएकोले।

८. निर्णय हुनुपर्ने व्यहोराः

राजश्व असुली एवं सहजीकरणका लागी घुम्ती टोली परिचालन कार्ययोजना तयार गरी सोअनुसार कार्य गर्न/गराउन राजश्व असुली तथा घुम्ती टोली गठन गर्न कार्यालयलाई निर्देश गर्ने। घुम्ती टोली गठनपश्चात कार्ययोजनाअनुसार कार्य गर्न/गराउन सम्बन्धित वडा कार्यालयले संयोजन र आवश्यक सहयोग गर्ने।

बैठक संख्याः- ७१ बैठक मितिः- २०७९।०९।०२

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०८।२९

प्रस्ताव नं.- ४

विषयः– नगर विकास पत्रकारिता पुरस्कारको स्थापना गर्ने सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

आ.व.०७९/८० को लागी स्वीकृत फिदिम नगरपालिकाको वार्षिक विकास कार्यक्रममा पत्रकार क्षमता विकास तालिमका लागि रकम विनियोजन भएको छ। नगर विकासमा योगदान पुर्याउने पत्रकारहरुमध्येबाट हरेक वर्ष एक जनालाई पुरस्कार प्रदान गरी पत्रकारिता पेशाप्रति जागरुक र उत्प्रेरित बनाउन सो विनियोजनको उपयोग गरी पुरस्कारसम्बन्धी कल्याणकोषको स्थापना गर्ने सम्बन्धमा निर्णय लिनुपर्ने भएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

पत्रकारिताको माध्यमबाट नगरको विकासमा योगदान पुर्याउने उत्कृष्ट पत्रकारहरुलाई गत विगत वर्षहरुमा समेत नगर सभाको अवसर पारी पुरष्कृत गर्ने गरिएको। राम्रो प्रभाव छाडेका विगतमा भए गरेका कार्यहरुलाई नियमित गर्ने कार्यसंस्कृतिको विकासले नै सुशासनमा योगदान समेत पुग्ने भएको

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

बदलिँदो प्रविधि एवं आर्थिक, सामाजिक परिवेशमा समाचार संकलन, लेखन तथा सम्प्रेषणको माध्यमबाट नगर विकासमा योगदान पुर्याउने पत्रकारलाई पुरस्कारसहित सम्मान गरी पेशाप्रति उत्प्रेरित एवं जागरुक बनाउन आवश्यक भएकोले।

४. निर्णय हुनुपर्ने व्यहोराः

व्यवसायिक पत्रकारिताको माध्यमबाट नगरको विकास र समृद्धि तथा नगरवासी सर्वसाधारणलाई सुचित गर्न योगदान पुर्याएका पत्रकारहरुमध्ये हरेक वर्ष एकजना पत्रकारलाई पुरस्कृत गर्न पत्रकार महासंघ पाँचथरअन्तर्गत रहने गरी" फिदिम नगर विकास पत्रकारिता पुरस्कार कल्याण कोष" को स्थापना गर्ने आवश्यक समन्वय गर्ने र आ.व. २०७९/८० को लागि स्विकृत नगर विकास योजनाको सि.नं. १७१ मा रहेको "पत्रकार क्षमता विकास तालिम शिर्षक" मा भएको विनियोजनबाट खर्च लेख्ने गरी उक्त कोषमा रकम जम्मा गर्नका लागी अक्षेरपी रकम रु पाँचलाख (५,००,०००/-) मात्र जिल्ला पत्रकार महासंघ, पाँचथरलाई रकम उपलब्ध गराउने ।

बैठक संख्याः- ७१

बैठक मितिः- २०७९।०९।०२

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०८।२९

प्रस्ताव नं.- ५

विषयः– फिदिम नगरपालिका प्रकोप व्यवस्थापन कोषबाट जस्तापाता खरिद गर्ने सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

नगरपालिकामा प्राकृतिक प्रकोप वा विपद्बाट हरेक वर्ष जनधनको क्षति हुने गरेको छ। भुकम्प, बाढी, पहिरो, आगलागी, हिमपात, असिनापानी, हुरीबतास, चट्याङ, शितलहरले विपद् सिर्जना गरेको पाईन्छ। चिसो अत्यधिक बढेको हालको समय र विपद्को बखत जस्तापाता उपलब्ध गराईदिनुहुन भनी माग गर्ने नगरवासीहरु अत्यधिक रहेको पाईन्छ। नगरवासी नागरिकहरुको मागलाई सम्बोधन गर्नका लागि जस्तापाताको आपूर्ति गर्नुपर्ने भएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

विपद्का घटनाबाट प्रभावित हुने किसान,विपन्न परिवार, साना समूह र विद्यालयलाई गत विगत वर्षहरुमा जस्तापाता हस्तान्तरण गर्ने गरिएको छ। वर्षेनी आवश्यक पर्ने भएकोले वितरणमुखी कार्यक्रम भएपनि यसले नियमित कार्यक्रमको रुपमै स्थान लिँदै आएको छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

विपद्को अवस्थामा राहत, उद्धार र पुर्नःस्थापनाका लागी नगरवासी नागरिकहरुबाट जस्तापाताको अत्यधिक माग भई आउने भएको र माग सम्बोधनका लागी समयमै आवश्यक बन्दबस्ती गर्नुपर्ने भएको।

४. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगरपालिका, प्रकोप व्यवस्थापन कोषमा रहेको रकम उपयोग गरी अक्षरेपी रु. पचासलाख (रु. ५०,००,०००/-) मात्रको जस्तापाता प्रचलित कानुनअनुसार खरिद गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देश गर्ने।

बैठक संख्याः- ७१ बैठक मितिः- २०७९।०९।०२

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०८।२९

प्रस्ताव नं.- ६

विषयः– नगरपालिकालाई आवश्यक पर्ने विज्ञ एवं परामर्श सेवाको सम्बन्धमा ।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

दिगो प्रभाव रहने पूर्वाधार योजना/निर्माणका विशेष कार्यहरु एवं जटिल प्रकृतिको प्रशासनिक/प्राविधिक/आर्थिक/सामाजिक विषयहरु सम्पादन गर्न नगरपालिकाले समय समयमा खास प्रकारको विज्ञताको उपयोग गर्नुपर्ने हुन्छ । नगरपालिकाले लिएको सुशासनको लक्ष्यलाई प्राप्त गर्ने विज्ञको सेवा एवं परामर्श खरिद कार्यलाई छिटो, छरितो एवं चुस्तदुरुस्त बनाउनुपर्ने आवश्यकता रहन्छ ।

२. प्राप्त परामर्श तथा सान्दर्भिक कुराः

राजश्व सम्बन्धी विषयहरुको अध्ययन विश्लेषण गर्न, दुरगामी प्रभाव पर्ने पूर्वाधार विकाससम्बन्धी योजनाहरु तर्जुमा गर्न, कृषि/पशु एवं पर्यटन विकासमा आवश्यक पर्ने खास प्रकारको प्राविधिक परामर्श प्राप्त गर्न विभिन्न परामर्शदातृ संस्था र स्वतन्त्र विज्ञको सेवा उपयोग गर्नुपर्ने हुन्छ । फिदिम नगरपालिकाको जनशक्ति व्यवस्थापन एवं सर्वेक्षण(O & M) गर्न पनि विज्ञताकै उपयोग गर्नुपर्ने हुन्छ ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

खास प्रकारका कार्यहरु सम्पादन गर्न बजारमा उपलब्ध हुने स्वतन्त्र विज्ञता एवं सिपको समुचित उपयोगबाट वित्तीय सुशासन कायम हुने, सेवा प्रवाहमा सुधार आउने, दिगो प्रभाव रहने जटिल कार्यहरुको गुणस्तरियता अभिवृद्धि हुने भएकोले ।

४. निर्णय हुनुपर्ने व्यहोराः

प्रचलित नेपाल कानुनअनुसार स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विषयहरु कार्यान्वयन गर्न र फिदिम नगर सभा एवं नगर कार्यपालिकाले निर्देशित गरेका कार्यहरु सम्पादन गर्ने क्रममा कुनै विज्ञता वा परामर्श सेवाको आवश्यकता महसुस भएमा जुनसुकै विषयक्षेत्रसँग सम्बन्धित विज्ञ एवं परामर्श सेवा प्रचलित कानुनअनुसार खरिद गर्न फिदिम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रदान गर्ने ।

वैठक संख्याः- ७१ बैठक मितिः- २०७९।०९।०२

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०८।२९

प्रस्ताव नं.- ७

विषयः– "घ" वर्गको निर्माण व्यवसायीको ईजाजत पत्र प्रदान र लगत कायम सम्बन्धमा।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

निर्माण व्यावसायहरुको इजाजत पत्र उपलब्ध प्रदान गराईदिनुहुन भनी एउटा आवेदन प्राप्त भएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

आवेदन पेश गर्ने निर्माण सेवाहरु घरेलु तथा साना उद्योग कार्यालय पाँचथरमा दर्ता भइसकेका छन्। करदाता सेवा कार्यालय, फिदिम पाँचथरमा मूल्य अभिवृद्धि करमा समेत आवद्ध भइसकेको छ। प्राप्त प्राविधिक प्रतिवेदनअनुसार, ईजाजत पत्र प्राप्त गर्न चाहने व्यवसायले -फिदिम नगरपालिकाको घ वर्गका निर्माण व्यावसायीको दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७४ मा तोकिएका सबै प्रकृया पुरा भएको देखिएको छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

फिदिम नगरपालिकाको घ वर्गका निर्माण व्यावसायीको दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि,२०७४ बमोजिम इजाजत प्राप्त गरेपछि मात्र कारोवार गर्न पाउने भएकोले इजाजत दिन उपयुक्त देखिएको।

४. निर्णय हुनुपर्ने व्यहोराः

क) देहाय अनुसार घ बर्गको निर्माण व्यावसायलाई इजाजत प्रदान गरी अभिलेख राख्ने निर्णय गरियो।

| सि.नं. | व्यावसायको नाम ठेगाना | सञ्चालक/प्रोपाईटर को नाम र ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | जयवीर ईन्जिनियरिङ एण्ड विल्डर्स कन्स्ट्रक्सन एण्ड सम्प्लार्स | श्री राजेन्द्र खत्री<br>फिदिम ०४, पाँचथर | कम्पनी दर्ता नं.<br>३०१७९६/०७९/०८०<br>मू.अ.क.द.नं. ६१०३९४०५४ |

वैठक संख्याः- ७१

बैठक मितिः- २०७९।०९।०२

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०८।२९

प्रस्ताव नं.- ८

विषयः– विविध

क) "नगर कप २०७९" सञ्चालनका लागी स्थानीय क्लबहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।

**१. विषय र विषयको संक्षिप्त व्यहोरा:**

फिदिम नगरपालिका वडा नं. ०७, रानिटार स्थित बराजु खेलमैदानमा २०७९ पौष १२ गतेदेखि १७ गतेसम्म आयोजना गर्न लागिएको पुरुष नकआउट फुटबल प्रतियोगिताका लागि आर्थिक सहयोग गरिदिनुहुन भनी खेल आयोजक संस्थाहरु रानिटार युनाईटेड, फिदिम ०७ र स्वतन्त्र क्लब, फिदिम ०७, पाँचथरले संयुक्त रुपमा माग निवेदन पेश गरेका छन्।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:**

सहयोग रकम माग भइ आएको। दिने नदिने निर्णय हुनुपर्ने। दिदा पनि संघसंस्थालाई आर्थिक सहायता शिर्षकबाट दिनुपर्ने स्थिति रहेको। आयोजना हुन लागेको फुटबल प्रतियोगितामा पाँचथरका आठ वटा छिमेकी जिल्लाहरुबाट सहभागिता हुने व्यहोरा जानकारी भएको।

**३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको राय:**

नेपालको खेलकुद क्रमशः व्यवसायिकतातर्फ उन्मुख हुँदै गरेको अवस्थामा स्थानीय क्लबहरुले आयोजना गरेको खेलकुद/फुटबल कार्यक्रमलाई प्रोत्साहन पर्ने देखिन्छ। खेलकुदको माध्यमबाट अन्य जिल्ला एवं पालिकासँग सम्बन्ध विस्तार हुने र नगरको गौरवसमेत बढ्ने भएकोले प्रतियोगिता सञ्चालनका लागि यथासक्य सहयोग गर्नुपर्ने भएको।

**४. निर्णय हुनुपर्ने व्यहोरा:**

तमु लोहोसारको अवसरमा रानिटार युनाईटेड र स्वतन्त्र क्लब, फिदिम ०७, पाँचथरले मिति २०७९ पौष १२ देखि १७ गतेसम्म फिदिम नगरपालिका, वडा नं. ०७ स्थित बराजु खेलमैदानमा आयोजना गर्न लागेको पुरुष नकआउट फुटबल प्रतियोगिता सञ्चालन गर्न आयोजक संस्थालाई अक्षरेपी रु. नब्बेहजार (रु.९० ,०००/-) रुपैँया मात्र विभिन्न व्यक्ति तथा संघसंस्थाहरुलाई आर्थिक सहायता शिर्षकमा भएको विनियोजनबाट उपलब्ध गराउने।

वैठक संख्याः- ७१

बैठक मितिः- २०७९।०९।०२

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०८।२९

प्रस्ताव नं.- ८

विषयः– विविध

ख) टोल विकास संस्था गठन एवं सञ्चालन सम्बन्धमा पेश हुन आएको मस्यौदा कार्यविधिको सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

स्थानीय सरकार संचालन ऐनको दफा १०२ मा पनि गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने कुरा लेखिएको छ।उक्त ऐन र ऐनअन्तर्गत बनाईएको फिदिम नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्तछ। विधायन समितिले टोल विकास संस्था गठन सम्बन्धी कार्यविधिको मस्यौदा तर्जुमा गरी निर्णयका लागि पेश गरेको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

विकास निर्माण तथा अन्य सामाजिक सवालहरूमा स्थानीय समुदायसंग संयुक्त प्रयास गर्न, निश्चित भूगोलका स्थानीय समुदायका नागरिकहरूलाई संभव भएसम्म कुनैपनि घरधुरी नछुट्ने गरी संगठित गराउन, वडा कार्यालय वा सरोकारवाला निकाय वा समुदायको सहयोगी र उत्प्रेरकको रूपमा कार्य गर्न, समुदायलाई स्वतस्फुर्त विकास गतिविधिमा परिचालन गर्न टोलविकास समितिको आवश्यकता पर्ने देखिन्छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

स्थानीय विकास प्रकृयामा टोल तथा बस्ती स्तरबाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सिर्जना गर्ने कार्यका लागि आवश्यक टोल विकास संस्थाको गठन एवं व्यवस्थापन सम्बन्धमा पेश भएको कार्यविधिको मस्यौदा उपर निर्णय लिनुपर्ने भएकोले।

४. निर्णय हुनुपर्ने व्यहोराः

विधायन समितिले मस्यौदा सिफारिस गरेको "फिदिम नगरपालिका टोल विकास संस्था गठन एवं सञ्चालन कार्यविधि, २०७९" कार्यविधि स्वीकृत गरी राजपत्रमा प्रकाशन र कार्यान्वयन गर्ने।